# प्रेस विज्ञप्ति

## निकुञ्जभित्रका होटल नराख्न आग्रह

मिति २०६६।०४।१६

विश्व सम्पदामा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जभित्रका होटलले पर्यावरण र वन्यजन्तुको वासस्थानमा गम्भीर नकारात्मक असर पारिरहेकोले ती होटल पूर्णतः हटाइ बनेका संरचना भत्काउन विज्ञले माग गरेका छन् ।

नेपाल वातारण पत्रकार समूहले शुक्रवार आयोजना गरेको “निकुञ्जभित्र होटलः जायज कि नाजायज” विषयक छलफलमा विज्ञले यो माग गरेका हुन् । वन्यजन्तुविद् डा. शान्तराज ज्ञवालीले जोखिममा रहेका वन्यजन्तुको प्रमुख वासस्थानलाई असर पार्ने गरी स्थायी संरचना राख्न नहुने बताउनुभयो । “हाम्रो अध्ययनले निकुञ्जभित्रका होटलका स्थायी संरचनाले त्यहाँ वन्यजन्तुको वासस्थानमा गम्भीर असर परिरहेको त्यसलाई तुरुन्त भत्काउनु पर्छ, पर्यटन प्रबर्द्धन गर्ने हो भने टेण्टेट क्याम्पहरुको मात्रै व्यवस्था गर्नुपर्छ ।” ज्ञवालीले भन्नुभयो ।

सिंगो वन मन्त्रालयका कर्मचारीले होटल हटाउने पक्षमा आवाज उठाइरहेको बेला वनमन्त्री दीपक बोहोराले होटल निरन्तरता दिने प्रयास गरेको भन्दै विज्ञहरुले त्यसलाई अख्तियारको दुरुपयोग भएको ठहर गरेका छन् । त्यसैगरी कार्यक्रममा बोल्दै जैविक विविधता विज्ञ डा. तीर्थबहादुर श्रेष्ठले नीतिगत रुपमा स्पष्ट हुन सरकारलाई सुझाव दिनुभयो ।

कार्यक्रमा होटलहरुले सरकारलाई तिर्नुपर्ने राजश्व र संरक्षण शुल्क नबुझाएको दृष्टान्त पेस गर्दै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक मेघ बहादुर पाण्डेले साउन ६ को मितिसम्म निकुञ्जभित्रका होटलहरुबाट १ करोड ९२ लाख २८ हजार ७७ रुपियाँ उठ्न बाँकी रहेको जानकारी गराउनुभयो । उक्त रकम मध्ये गैडा वाइल्डलाइफ रिसोर्टले मात्रै ८५ लाख ९३ हजार २ सय १५ बाँकी रहेको छ । त्यसैगरी मचान वाइल्डलाइफ रिसोर्टले ५६ लाख ४० हजार ४ सय ४३ रुपियाँ तिर्न बाँकी देखिएको छ । सरकारले पटक पटक ताकेता गर्दा पनि आइल्याण्ड जंगल रिसोर्टले ६ लाख ४२ हजार २ सय ६७, चितवन जंगल लजले ४ लाख ६७ हजार ७ सय ५४ रुपियाँ नतिरेको पनि पाण्डेले जानकारी गराउनुभयो ।

स्थानीय बासिन्दा बासुदेव ढुंगानाले सरकारले जैविक विविधतामा असर पर्ने गरी होटलहरुको म्याद नविकरण गरेको खण्डमा स्थानीय जनता आन्दोलनमा उत्रने चेतावनी दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय प्रकृति संरक्षण कोषका नरेश सुवेदी र विभागका झमक कार्कीले निकुञ्जभित्रका होटल वरपर गरिएको क्यामरा ट्र्यापिङमा २ किमी क्षेत्रभित्र बाघ नभेटिएकोले चिन्ताको विषय भएको बताउनुभयो । विभागका प्रवक्ता एवं चितवन राष्ट्रिय निकुञ्जका पूर्व संरक्षण अधिकृत शिवराज भट्टले स्थायी प्रकारको संरचनामा होटल सञ्चालन गर्दा त्यसले जैविक विविधतामा गम्भीर असर पर्ने भएकोले विभागले खुल्ला प्रतिस्पर्धामार्फत् टेन्ट क्याम्प मात्रै राख्नदिने र होटलको म्याद नथप्ने अडान राखेको जानकारी दिनुभयो । “सबै प्रकृया पारदर्शी होस् भन्नेमा हामी सजग छौं” उहाँले भन्नुभयो ।

विश्व वन्यजन्तु कोषका सन्तोषमणि नेपालले निकुञ्जभित्र जैविक विविधतामा नकारात्मक असर पर्ने गतिविधिको राम्रो अनुगमन हुनुपर्नेमा जोड दिदैं कुनैपनि प्रकृयाहरु पारदर्शी रुपमा अघि बढ्नुपर्ने बताउनुभयो

।सरकारले समयमै आफूहरुको कुरा नसुनेर अनिर्णयको बन्दी बनाएको र आफूहरुले होटल सञ्चालन गर्दा सरकारी निर्देशनलाई पालना गरेको दावी गैंडा वाइल्डलाइफ क्याम्पका सञ्चालक भरत बस्नेतले गर्नुभयो ।

नेवापसका सचिव अब्दुल्लाह मियाले विषय प्रवेश गराउँदै होटल सञ्चालकहरुले पनि करारमा उल्लेख अनुसारको काम नगरेको र सरकारले पनि बेलैमा अनुगमन गर्न नसकेको धारणा राख्नुभयो ।नेवापसका अध्यक्ष ध्रुब बस्नेतको अध्यक्षतामा भएको छलफलमा सहभागीले अपारदर्शी बाटोबाट होटलसम्बन्धी निर्णय नलिन वन मन्त्रीको ध्यानाकर्षण गर्नुभयो ।

यसअघि २०५० सालमा भएको करारको सम्झौता अवधि सकिएपछि निकुञ्जभित्रका सात होटलहरु यही साउन १ देखि बन्द भएका छन् । निकुञ्जभित्र टाइगर टप्स, चितवन जंगल लज, गैडा वाइल्डलाइफ, मचान वाइल्डलाइफ, टेम्पल टाइगर, नारायणी सफारी र आइल्याण्ड जंगल लज सञ्चालनमा थिए ।

टीकाराम राई
महासचिव